आज मिति २०७७ साल पौष ६ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ९१ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पौंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७७/०९/०६ गतेको ९१ औ बैठकको निर्णयहरु

निर्णय नं. १ : भूमि सम्वन्धी समस्या समाधान सम्बन्धी कार्यविधि अनुसार यस नगरपालिकाको नगरस्तरीय सहजीकरण समिति देहायअनुसार गठन गर्ने निर्णय गरियो ।

क. पालिकास्तरीय सहजीकरण समिति

प्रमुख - संयोजक

उप-प्रमुख - उप-संयोजक

नेपाल कम्युनिस्ट पार्टी ( ने. क. पा.) नगर स्तरीय प्रतिनिधि - सदस्य

नेपाली कांग्रेस नगर स्तरीय प्रतिनिधि - सदस्य

राष्ट्रिय प्रजातन्त्र पार्टी ( रा प्र. पा.) नगर स्तरीय प्रतिनिधि - सदस्य

कार्यपालिका सदस्य श्री लक्ष्मी पोखरेल -सदस्य

कार्यपालिका सदस्य श्री बुद्ध कुमारी सुबर्णकर -सदस्य

शान्ता सापकोटा , वडा नं ९ -सदस्य

नरेन्द्र राज ढुंगाना , वडा नं ७- सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य -.सचिव

निर्णय नं. २ : स्थानिय विकास साझेदारी कार्यक्रम (साँसद विकास कोष ) अन्तर्गतका यस नगरपालिकाका कार्यक्रम उपभोक्ता समितिहरु मार्फत सम्पन्न गर्ने तथा सो कार्यक्रमका सम्झौता २०७७ पौष २५ गतेसम्म गरिसक्ने निर्णय गरियो।

निर्णय नं. ३: यस नगरपालिकामा संचालन हुने उद्यम बिकास कार्यक्रम वडा नं १ र २ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ अध्ययन गरी पेश गर्न यस कार्यपालिकाको बिधायन समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५: सिर्जनशील सामुदायिक सिकाइ केन्द्रले सुन्दरबजार नगरपालिकाको डकुमेन्ट्री निर्माणको गर्दा लागेको रकम सहयोग स्वरूप प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: यस नगरपालिकामा सेनिटाईजर डिस्पेन्सर खरिद बापतको रकम रु ७४,८६० को चेक न्यु शुभ लक्ष्मी ट्रेडर्स को नाममा मिति २०७७/०३/३० मा जारि भएकोमा सो रकम बैंकबाट ननिकाली चेकको समयाबधि समाप्त भएकोले उक्त रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७: यस नगरपालिकाको छैटौ नगरसभाले दुइ वटा वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरेकोमा सो भवन निर्माणको लागि वडा नं ७ र ९ छनौट गर्ने, साथै सो भवनहरु वडा नं ७ को हाल कृषि

शाखा रहेको जग्गामा तथा वडा नं ९ को कित्ता नं ११८९ को ऐलानी जग्गामा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: यस नगरपालिकाको फोहोरमैला दीर्घकालीन रुपमा ब्यबस्थापन गर्नका लागि फोहोरमैला रिफाइनरी प्लान्टको स्थापना र संचालानका लागि अध्ययन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ९: यस आर्थिक बर्षको वडागत बजेट अन्तर्गतको वडा नं ८ को बुदा नं ८ मा रहेको **वडा भित्रको मोटरबाटो सडक ग्राभेल** भएकोमा **वडा भित्रको मोटरबाटो सडक स्तरोन्नति** नामाकरण गरी संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: यस नगरपालिका वडा नं १० र ११ को संयुक्त पहलमा यस नगरपालिका वडा नं १० काने स्वाँरामा हुने सडक निर्माणको लागि रु १,५०,००० ( एक लाख पचास हजार रुपैया मात्र ) बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: यस नगरपालिका वडा नं ११ मा सोलार बिजुली बत्ति प्रसारणका लागि आवश्यक सामग्री खरिद तथा ढुवानी गर्न रु ३२,०००( बत्तिस हजार रुपैया मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२: यस नगरपालिका वडा नं ११ सिन्दुरे स्थित तुर्लुङकोटमा लघु उद्यम बिकाश आयोजना लम्जुंग बाट आ बा २०७७/७८ मा संचालित सिलाई कटाई मेसिन खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३: चन्द्रेश्वर आधारभूत अस्पताल ( चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र )मा एक्स रे मेसिन ब्यबस्थापनमा भएको खर्च तथा अस्पताल सिलान्यास कार्यक्रममा भएको खर्च बिल अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्रलाई रेडियोग्राफर पदको लागि आर्थिक सहायता शिर्षक बाट रु एक लाख पचहत्तर हजार रुपैया अनुदान दिने निर्णय गरियो ।

निर्णय नं. १५: खत्री ठाँटि खानेपानि योजनाका लागि खरिद भएको १५० मिटर पाईपको बिल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १६: यस नगरपालिका वडा नं ७ स्थित कृषि क्याम्पस अगाडिको सडकका खाल्डा पुर्न लागेको ४ जना मजदुरको १ दिन बराबरको ज्याला भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १७: हाँडेटार सिँचाई प्रणाली जल उपभोक्ता समितिले राखेका २ जना हेरालुलाई तलब दिनका लाग्ने रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ अनुसार स्थापीत स्थानीय निर्देशक समितिले तल तालिकाको बिवरण बमोजिम सिफारिस गरेका बेरोजगार व्यक्तिहरुको सूची स्वीकृत गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरे पश्चात प्राप्त बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सहितको सूची समेत सार्वजनिकिकरण गर्ने निर्णय गरियो । वडा अनुसार सूचीकृत बेरोजगार व्यक्तिहरुको विवरण देहाय बमोजिम रहेकोछ ।

| वडा नं. | सूचीकृत बेरोजगारको संख्या | कैफियत |
|---|---|---|
| १ | ७२ | |
| २ | ३६ | |
| ३ | २३० | |
| ४ | ६३ | |
| ५ | ७१ | |
| ६ | ३० | |
| ७ | ४५ | |
| ८ | ३३ | |
| १० | २३ | |
| ११ | ९१ | |
| **जम्मा** | ६९४ | |

**निर्णय नं. १९:** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्दा पालिका भित्रका सम्पुर्ण बेरोजगारको आधारमा एकमुष्ट प्राथमिकिकरण गर्दा प्राथमिकीकरणमा परेका व्यक्ति र योजना फरक फरक वडा वा ठाउँमा पर्न सक्ने भएको साथै पालिका भित्रका एक वडा र अर्को वडा बिचको दुरी १ दिनको समय समेत लाग्न सक्ने भएकोले प्राथमिकिकरणमा परेका योजनामा सूचीकृत बेरोजगारहरुले काम गर्न असहज भएमा वा योजना सम्पन्न गर्न समस्या हुन गएमा वडा अनुसारको प्राथमिकिकरणलाई आधार मानी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यान्वयन गर्न संघीय सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त सशर्त अनुदान रकम योजनामा संलग्न हुने सूचीकृत बिपन्न बेरोजगारहरुको ज्यालामा मात्र भुक्तानी गर्नुपर्ने प्रावधान भएकोले कार्यान्वयन हुने योजनाहरुको प्राविधिक लागत स्टीमेटको आधारमा ज्याला बाहेक योजना सम्पन्न गर्न लाग्ने निर्माण सामाग्री, निर्माण औजार, सुरक्षा सामाग्री तथा अन्य शिर्षकको खर्च नगर प्रमुख युवा उद्यम विकास तथा रोजगार कोषको रकमबाट व्यहोर्ने गरी लागत साझेदारीमा योजना संचालन गर्ने र नगरकार्यपालिकाबाट निर्णय भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रममा पेश भएका वडागत योजनाहरु मध्येबाट सम्बन्धित वडासँग समन्वय र सहमतीमा प्राथमिकिकरण गरी सूचिकृत बेरोजगारहरुको आधारमा योजना संचालन तथा व्यवस्थापन कार्यबिधि अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:** यस नगरपालिकामा रहेका घरको अभिलेखीकरण सम्वन्धी सूचनाको म्याद मिति २०७७ मंसिर मसान्मा सकिएकोले ३५ दिनको म्याद पुन थप गरी पुन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:** धान बाली पकेट विकास कार्यक्रमका लागि निम्न अनुसारका खेत तथा फाँट छनौट गर्ने निर्णय गरियो ।

अर्मलफाँट वडा नं. ८ , मजुवा वडा न ७, निवुटे वडा न ६, हाँडेटार वडा न २, पाँउदी वडा न ३,४, किरिन्चे वडा न ४ , कोईरालाफाँट वडा न १०, दुराडाँडा अम्बोटे तल वडा न ३, ठूलो स्वाँरा वडा न ११ ।

**निर्णय नं २३:** नेपाल सरकारले गण्डकी प्रदेश अन्तरगत लमजुङ जिल्लामा पनि स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न स्वास्थ्य विमा वोर्ड गण्डकी प्रदेश, शाखा कार्यालय कास्कीबाट च.नं ४१ मिति २०७७।०८।२३ गतेको प्राप्त पत्रानुसार यस नगरपालिकाका सबै वडामा यस आ.व ०७७।७८ देखि कार्यक्रम लागु गर्ने र सबै वडामा मिति २०७७ पौष १५ गते सम्ममा दर्ता सहयोगी छनौट कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं २४:** यस नगरपालिकाका निम्नानुसारका संस्थालाई देहाय अनुसारको सामाग्री प्रदान गर्ने निर्णय गरियो ।

क) प्रहरी चौकी, सुन्दरबजार - प्रिन्टर १ थान

ख) शान्ति निकेतन प्रा. वि. - प्रिन्टर १ थान

ग) भैरबदेवी प्रा. वि. - पानी ट्याङकी ( ५०० ली. ) एक थान

**निर्णय नं. २५:** जिभाय संस्थाले यस नगरपालिका वडा नं. ३ र ११ मा स्थगित भएको मुख स्वस्थ्य कार्यक्रम संचालनका लागि स्वीकृति माग गरेकोमा सो कार्यका लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. २६:** यस कार्यालयको मिति २०७७/०७/०३ मा प्रकाशित नगरपालिकाबासी सम्पूर्ण कृषकमा ( बायोग्याँस) निर्माणको लागि सूचनाको म्याद सकिएको तर उक्त कार्यक्रमका लागि अधिक वडाहरुबाट सम्वन्धीत कृषकको निवेदन नपरेकोले सो सम्बन्धी सूचना १५ दिने म्याद राखेर पुन प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:** यस नगरपालिका वडा नं. ६ स्थित गल्लीमुनी चौतारा देखी सुनारबस्ती सम्म विद्युत पोल व्यवस्थापन तथा मर्मतका लागि रु ४०,०००।-( अक्षेरुपी चालिस हजार मात्र) नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

२०७७।०९।०६